बैठक नं.: २-२०८३/०८४

मितिः२०८३/०६/२८ गते बुधबार (ने.सं. ११४६)

स्थानःदंगीशरण गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय कार्यपालिका बैठक हल।

अध्यक्षताः श्री शम्भु गिरी ज्यू (गाउँपालिका अध्यक्ष)

प्रस्ताव तथा निर्णयहरुः-

प्रस्ताव नं. १. शहरी सडक स्तरोन्नती, मर्मत तथा सुरक्षा कार्यक्रममा सडक मर्मत तगा स्तरोन्नतीका लागि योजनाहरु प्राथमिकिकरण गरि पठाउने सम्बन्धमा सम्बन्धमा।

निर्णय नं.१ संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय घोराही, दाङको च.नं. १४३, मिति २०८३/०६/२० गते प्राप्त पात्रानुसार "दाङ जिल्ला स्थित दंगीशरण गाउँपालिकामा शहरी सडक स्तरोन्नती, मर्मत सुधार तथा सडक सुरक्षा कार्यक्रम" शिर्षकमा दंगीशरण गाउँपालिका हेकुली दाङका लागी आ.व. ०८३/८४ को लागि विनियोजित बजेट रु १,५०,००,०००।– (अक्षेरेपी रु एक करोड पचास लाख मात्र) सहितको बहुवर्षिय कार्यक्रम स्वीकृतीको चरणमा रहेको भनि प्राप्त हुन आएकाले सोही कार्यक्रका लागी सडक स्तरोन्नती, मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम शहरी सडक स्तरोन्नती, मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने सडकहरुको सूची माग भई आएकोमा शहरी सडक स्तरोन्नति, मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को दफा ३ मा उल्लेखित उदेश्य अनुरुप हुने गरी उक्त कार्यविधिको दफा ४ र ५ अनुसार तपसिल बमोजिम सडक छनौट गरी प्राथमिकिकरण गर्ने निर्णय गरीयो।

तपसिल

क्र.सं.	सडकको नाम / विवरण	सडक रहेको वडा	अनुमानित लागत	प्राथमिकता
१.	हेकुली गोल्टाकुरी पहुँचमार्ग	वडा नं.३,४,१ र २		१
२.	बखरिया गोल्टाकुरी बाँकी फुर्केसल्ली सडक	वडा नं.२ र १		२
३.	हेकुली रावतगाउँ-चिरेगार बुटनिया बुट्टिपुर पहुँचमार्ग	वडा नं.३ र ७		३
४.	मौली सलौरा नन्द्रागाउँ सुर्खेत रोड	वडन नं.४ र ५		४

प्रस्ताव नं. २ गाउँपालिका भित्रका सडक संरचनाहरु मर्मत सम्भार सम्बन्धमा।

निर्णय नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा दंगीशरण गाउँपालिकाको चालु आ.व. २०८३/८४ को स्वीकृत बजेट तथा कार्यक्रम " मर्मत तथा संभार खर्च" शिर्षकमा विनियोजित रु १०,००,०००/- (अक्षेरुपी दश लाख) बाट सम्पुर्ण वडाहरुलाई तपसिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

क्र.सं.	सडकको नाम/ वडा नं.	विनियोजित रकम	कैफियत
१.	बुर्केसाल,साइ्ले,कालीतारा हुदै बुका खोला सम्म जाने सडक मर्मत उपभोक्ता समिति वडा नं.१	३,२८,०००/-	
२.	विभिन्न सडक मर्मत संभार उपभोक्ता समिति वडा नं.१	७८,०००/-	
३.	विभिन्न सडक मर्मत संभार उपभोक्ता समिति वडा नं.२	१,००,०००/-	
४.	विभिन्न सडक मर्मत संभार उपभोक्ता समिति वडा नं.३	१,००,०००/-	
५.	विभिन्न सडक मर्मत संभार उपभोक्ता समिति वडा नं.४	१,००,०००/-	
६.	विभिन्न सडक मर्मत संभार उपभोक्ता समिति वडा नं.५	१,००,०००/-	
७.	विभिन्न सडक मर्मत संभार उपभोक्ता समिति वडा नं.६	१,००,०००/-	
८.	विभिन्न सडक मर्मत संभार उपभोक्ता समिति वडा नं.७	१,००,०००/-	

प्रस्ताव नं.३ नदिजन्य पदार्थहरुको उत्खनन्, संकलन र निकासिका लागि प्रारम्भिक वातावरणीय परीक्षण(IEE) प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।

निर्णय नं.३ दंगीशरण गाउँपालिका हेकुली दाङको क्षेत्राधिकार भित्र पर्ने खोला तथा नदिहरुको विभिन्न घाटबाट आ.व.२०८३/०८४ मा नदिजन्य पदार्थ (ढुङ्गा,गिट्टी,बालुवा) उत्खनन्, संकलन,बिक्री तथा व्यवस्थापनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नुपर्ने भएकाले यस गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपसिलमा उल्लेखित घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण गरी प्रतिवेदन तयार गर्नका लागि पुर्वाधार विकास शाखा र राजश्व ईकाई मार्फत प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

<u>घाटहरुको नामः</u>

क्र.सं.	घाटको नाम	क्र.सं.	घाटको नाम
१	कुईरीगनार घाट क्षेत्र वडा नं.२	५	मायाखोला दोभान घाट क्षेत्र वडा नं.४
२	बारबर्दिया घाट क्षेत्र वडा नं.१	६	सिमठाना बबई घाट (१) घाट क्षेत्र वडा नं.७
३	पातुखोला र बबई दोभान घाट वडा नं. १ र ४	७	सिमठाना बबई घाट (२) घाट क्षेत्र
४	बबई र चिरेघाट दोभान घाट वडा नं.६	८	थपगाँउ घाट क्षेत्र वडा नं.६

प्रस्ताव नं. ४ आर्थिक सहायता सम्बन्धमा।

निर्णय नं. ४ रसुवागढी भोटेकोशीको बाढिमा वेपत्ता भएका वडा नं. ६ लेटार निवासी प्रेम वि.क. (ना.प्र.नं. ५२-०२-७५-०३४०९) लाई दंगीशरण गाउँपालिका तथा वडामा विनिजित बजेटको आर्थिक सहायता शिर्षकबाट जम्मा रु १,००,००० ।- (अक्षेरुपी रु एक लाख) प्रदान गर्ने निर्णय गरियो। साथै दंगीशरण गाउँपालिकाका विभिन्न वडाबाट आर्थिक सहायताको लागि सिफारिस तथा आर्थिक सहायता/राहात माग भई आएको हुँदा तपसिल बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरीयो ।

क्र.सं.	नाम थर	ठेगाना	आर्थिक सहायता रकम	कैफियत
१.	रुद्र बहादुर कामी	वडा नं.१	५०००/-	
२.	देवीराज पुन	वडा नं.१	९०००/-	श्रीमती दीर्घ बिरामी भएको
३.	डिल्ली के.सी.	वडा नं.३	१०००००/-	अटो दुर्घटनामा परेको
४.	पवित्रा बोहरा	वडा नं.४	१०००००/-	चट्टयाङमा परी भैसी मरेको
५.	सुन्दरी कुमारी के.सी.	वडा नं.५	८०००/-	क्यान्सर रोगी
६.	कमला दमाई	वडा नं.६	४०००/-	दीर्घ रोगी
७.	जालुराम चौधरी	वडा नं.७	७०००/-	क्यान्सर रोगी
८.	वित्तिय साक्षरता जागरण समाज नेपाल	काठमाण्डौ नेपाल		आर्थिक सहायता

प्रस्ताव नं. ५ विविध सम्बन्धमा।

क) महंगी भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. ५(क) व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSPMIS) सञ्चालनको प्रभावकारी कार्यान्वयनमा सहजिकरण गर्न स्थानीय तहहरुमा संघ तथा स्थानीय सरकारको लागत साझेदारी अन्तर्गत एम.आई.एस. अपरेटर र फिल्ड सहायक कार्यरत सेवा इकाई रहेकोमा गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ४ मिति २०८३/०४/०५ गतेको पत्रानुसार उक्त सेवा इकाईमा कार्यरत जनशक्तिलाई स्थानीय भत्ता/ महङ्गि भत्ता/प्रोत्साहन भत्ता लगायत थप सुविधा स्थानीय तहले व्यवस्था गर्नुपर्ने भनि उल्लेख भएकोमा यस कार्यालयमा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायक समेतलाई आ.ब. २०८३/८४ को श्रावण १ गते देखि लागु हुने गरि नेपाल सरकारले तोके बमोजिम महंगी भत्ता उपलब्ध गराउने निर्णय गरीयो ।

(ख) गाडि भाडामा म्याद थप सम्बन्धमा ।

निर्णय नं. ५(ख) दंगीशरण गाउँ कार्यपालिकाको कार्यालय हेकुली दाङको नाममा दर्ता श्रेस्ता (गाडी नं. प्रदेश ३-०१-००२ झ ५४६५) रहेको एक थान स्कार्पियो गाडी रहेकोमा उक्त गाडी बाट मात्र यस कार्यालयको कामकाज तथा योजना अनुगमन जस्ता काम कुराहरुमा कठिनाई भई थप अर्को एक वटा स्कर्पियो गाडी (गाडी नं.BAE 4173) भाडामा लिइ प्रयोग भई रहेकोले उक्त गाडीको भाडा सम्झौताको म्याद २०८४ साल पुस मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो।

(ग) दशै मौलो पुजा तथा अन्य पुजा खर्चको उपलब्ध गराउने सम्बन्धमा।

निर्णण नं.५(ग) विजया दशमी २०८३ को अवसरमा दशै मौलो पुजा तथा अन्य पुजा खर्चको लगी ईलाका प्रहरी तथा प्रहरीचौकीहरु लाई तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरीयो।

तपसिलः

सि.नं.	संस्था/ कार्यालय	आर्थिक सहायता रकम	कैफियत
१.	ईलाका प्रहरी कार्यालय हेकुली,दाङ	९०००/-	ईलाका प्रहरी चौकी हेकुलीमा रहेको गाडी चाडवार्ड लक्षित सुरक्षा गस्तीमा गाडी प्रयोग हुने भएकाले थप ३० लिटर डिजेल समेत उपलब्ध गराउने
२.	प्रहरी चौकी गोल्टाकुरी, दाङ	७०००/-	
३.	प्रहरी चौकी बागर,दाङ	७०००/-	
४.	प्रहरी चौकी बालापुर,दाङ	७०००/-	

(घ) दररेट सम्बन्धमा।

निर्णय नं. ५(घ) दंगीशरण गाउँपालिकाको आ.व.२०८३/०८४ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत योजना संचालनको लागि रु.१०,००,०००/-(अक्षेरुपी दश लाख) भन्दा बढीका योजनाको हकमा जिल्ला दररेट लाई नै आधार मानि ठेक्का आव्हान/संचालन गर्ने निर्णय गरीयो।

(ङ) दरखास्त आव्हान सम्बन्धमा।

निर्णय नं. ५(ङ) दंगीशरण गाउँपालिका गाउँकार्यपालिका हेकुली दाङ अन्तर्गत साविक प्राथमिक स्वास्थ्य सेवा केन्द्र श्रीगाउँ हाल दंगीशरण आधारभुत अस्पताल बागर दाङमा कार्यरत कार्यालय सहयोगी श्री मायाराम चौधरी मिति २०८३/०१/०८ गते देखि अनिर्वाय अवकाशमा भएको र हाल उक्त पद रिक्त भएकाले उक्त पदमा करार सेवा कर्मचारी भर्ना गर्नका लागि दरखास्त आव्हान गर्ने निर्णय गरीयो।

(च) कोठा उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं. ५(च) दंगीशरण सामाजिक उद्यमी महिला सरकारी संस्था लि. हेकुली दाङले कोठा उपलब्ध गराईदिने भनि निवेदन पेश गरेकोले उक्त दंगीशरण सामाजिक उद्यमी महिला सरकारी संस्था लि. हेकुली दाङ लाई सिकाई केन्द्रको भवनको उत्तर तर्फको अगाडीको सटर प्रयग गर्न दिने निर्णय गरीयो।

(छ) व्यवस्थापन समिति अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय नं. ५ (छ) दंगीशरण गाउँपालिका वडा नं. ६ मा रहेको चिसापानी गौशाला विकास समितिको मिति २०८३ असोज २७ गतेको बैठकले गठन गरेको तपसिल बमोजिमको चिसापानी गौशाला व्यवस्थापन समिति लाई अनुमोदन गर्ने निर्णय गरीयो।

तपसिलः

सि.नं.	नामथर	पद	कैफियत
१.	लक्ष्मण बहादुर के.सी.	अध्यक्ष	
२.	पदम रोका रेउले	उपाध्यक्ष	
३.	देव बहादुर के.सी.	सचिव	
४.	गोविन्द आचार्य	कोषाध्यक्ष	
५.	गणेश वली	सदस्य	
६.	गणेश चौधरी	सदस्य	
७.	शिव भट्टराई	सदस्य	